नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
वेब : www.nepalbarassociation.org.np

प.सं.

नेपाल संवत् ११४६ मिति: २०८३ असोज २१ गते

केन्द्रीय कार्यसमिति
(२०८२-२०८५)

अध्यक्ष
वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र

उपाध्यक्ष
अधिवक्ता पदम प्रसाद लिम्बु
अधिवक्ता भूपेन्द्र खनाल
अधिवक्ता सरस्वती श्रेष्ठ
अधिवक्ता अजय शंकर झा "रुपेश"
अधिवक्ता विवसकुमार बस्नेत
अधिवक्ता कृष्ण प्रसाद पोखरेल
अधिवक्ता तेज बहादुर रावल
अधिवक्ता सिद्ध राज ओझा

महासचिव
वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला

कोषाध्यक्ष
वरिष्ठ अधिवक्ता जगत बहादुर कार्की

सदस्यहरु
वरिष्ठ अधिवक्ता राजकुमार श्रेष्ठ
अधिवक्ता मंगल सुन्दर शिल्पकार
अधिवक्ता किरण न्यौपाने
अधिवक्ता शारदा गुरुङ
अधिवक्ता दमन बहादुर चन्द
अधिवक्ता बाबुराम अर्याल
अधिवक्ता सूर्य कुमार यादव
अधिवक्ता डा. मुकुन्द अधिकारी
अधिवक्ता रंजिता कार्की
अधिवक्ता माधव मैनाली
अधिवक्ता रिंकु कुमारी यादव
अधिवक्ता किरण पौडेल
अधिवक्ता इन्दिरा आचार्य
अधिवक्ता चिरञ्जीवी तिल्क्यानी

# न्यायाधीश नियुक्ति सम्बन्धमा नेपाल बार एशोसिएशनद्वारा जारी प्रेस विज्ञप्ति

न्याय परिषद्ले संविधानको अधीनमा रही समानुपातिक समावेशी सिद्धान्त बमोजिम वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमान्दारीता, निष्पक्षता, पेशागत तथा नैतिक आचरण, सार्वजनिक जीवनमा आर्जन गरेको ख्याति न्याय र कानूनको क्षेत्रमा गरेको योगदान समेतलाई मेरूदण्डको रूपमा लिई न्यायाधीशको नियुक्तिको सिफारिस गर्नुपर्नेमा संविधानको धारा १२९ उपधारा (५) बमोजिमको कानून व्यवसायीको क्लस्टरलाई वेवास्ता गरिएको तथा धारा ४२ को उपधारा (१) बमोजिम नियुक्तिमा समावेशी सिद्धान्तलाई आत्मसाथ नगरी मिति २०८३ असोज २० गतेका दिन सर्वोच्च अदालतको न्यायाधीश नियुक्ति सिफारिसप्रति नेपाल बार एशोसिएशनको गम्भीर ध्यानाकर्षण भएको छ ।

न्याय परिषद् समक्ष नेपाल बार एशोसिएशन, यसका राष्ट्रिय सम्मेलनहरू, केन्द्रीय तथा सल्लाहकार समितिका बैठकहरूले पटक-पटक न्यायाधीश नियुक्तिमा कानून व्यवसायीहरूको सम्मानजनक प्रतिनिधित्व सुनिश्चित गर्न जोडदार माग गर्दै आइरहेको सन्दर्भमा भए गरिएको न्यायाधीश नियुक्ति सिफारिसको वस्तुनिष्ट आधार र पारदर्शिताको अभाव रहेको स्पष्ट छ ।

अतः न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षताको रक्षार्थ र जनआस्था अभिवृद्धिका लागि न्यायपालिकाको शुद्धिकरण र सुदृढीकरणको सवालमा सम्पूर्ण कानून व्यवसायीहरू, नागरिक समाज र सञ्चार जगत गोलबद्ध भई अगाडी बढ्नु पर्ने अवस्था पुनः सृजना भएको यस एशोसिएशनको ठहर रहेको छ ।

बरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला
महासचिव